# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

आ.व.०८१/०८२
च.न.

सूचना प्रकाशन मिति २०८१/०९/२८

विषयः- सि.बि.आर. कार्यक्रम संञ्चालनको लागि प्रस्तावना आव्हान सम्बन्धी सूचना !

यस कालिका नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना (सि.बि.आर.) सहयोग कार्यक्रम संञ्चालन समितिको मिति २०८१/०९/२६ मा बसेको बैठकको निर्णय अनुसार कालिका नगरपालिका कार्यक्षेत्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुबाट कार्यक्रम संञ्चालनको लागि सूचना प्रकासित भएको मितिले १५ दिन भित्र कार्यालय समय सम्म तपसिलमा उल्लेखित कागजातहरु सहित प्रस्तावना पेश गर्नको लागि सम्बन्धितको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएको प्रस्तावनाहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

कार्यक्रम संञ्चालन गर्ने संस्थाले संञ्चालन गर्नुपर्ने कार्यहरुः
क) कालिका नगरपालिकाबाट क वर्ग (रातो) परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुको संरक्षक वा अभिभावकहरुलाई आयआर्जनमा सहयोग उपलब्ध गर्ने, गराउने।

संस्थाले पेश गर्नुपर्ने आवश्यक कागजातः
१. कार्यक्रम संञ्चालनको लागि प्रस्तावना पेश गर्ने।
२. जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता भएको,नियमित नविकरण गरेको र विधानको फोटोकपी।
३. संस्था स्थानीय तहमा सूचिकृत भएको हुनपर्ने।
४. संस्था समाजकल्याण परिषदमा आवद्ध र नियमित नविकरण भएको प्रमाणपत्रको फोटोकपी।
५. गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन।
६. संस्थाको आफ्नो कार्यालय र आधिकारिक सम्पर्क नम्बर,ईमेल र ठेगाना भएको हुनुपर्ने।
७. संस्था र संस्थामा काम गर्ने वर्तमान पदाधिकारी,कर्मचारी वा स्वयमसेवक कुनै लैङ्गिक तथा यौनदुव्यवहार, भेदभावजन्य कामहरु, भ्रष्टचार,गैरकानूनी काम वा कुनै प्रकारको फौजदारी कसुरको आरोप नलागेको वा कसुर ठहर नभएको(स्वघोषणा-पत्र)हुनुपर्ने।

२०८१/९/२८

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः सूचना प्रविधि शाखा, नगरपालिकाको वेवसाइटमा सूचना प्रेशित गरिदिनु हुन।
नोटः पेश भएको प्रस्तावहरुको स्वीकृत गर्ने/नगर्ने सि.बि.आर कार्यक्रम संञ्चालन समितिको निर्णय नै अन्तिम हुनेछ।

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np